**भाग - २**

# रोशी गाउँपालिका

रोशी गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४ लाई संशोधन गर्न वान्छनीय भएकोले रोशी गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ।

सम्वत- २०८१ सालको कार्यविधि नं. ०२

## रोशी गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि (पहिलो संसोधन), २०८१

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि (पहिलो संशोधन), २०८१" रहेको छ।

क) यो कार्यविधि तत्काल लागु हुनेछ।

२. "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४ को परिच्छेद ३ मा संशोधन :

क) "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (४) मा देहाय बमोजिम संशोधन गरिएको छ : उपदफा (२) बमोजिम म्याद भित्र इजाजतपत्र नविकरण गराउन नसक्ने निर्माण व्यवसायीले चालु आ.व. को कार्तिक १ गते देखि चैत्र मसान्तसम्म नविकरण दस्तुरको दोब्बर दस्तुर राखी दरखास्त दिई नविकरण गर्न सक्नेछ र इजाजतपत्रको म्याद एक वर्ष भन्दा बढि म्याद नाघेको भए म्याद नाघेको प्रत्येक आ.व.को हिसाब गरी चालु आ.वको आर्थिक ऐनमा तोकिएको नविकरण दस्तुरको दोब्बर दस्तुर तिरी नविकरण गर्न सकिनेछ।

ख) "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४ को दफा १३ को उपदफा (३) खारेज गरिएको छ।

आज्ञाले
राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner